# गौरादह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गौरादह,झापा
प्रदेश नं.१,नेपाल

प.सं. ०७५/०७६ मिति : २०७५।०९।२६
च.नं.

**विषय : विद्यालय खोल्ने तथा थप कक्षा संचालन सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस गौरादह न.पा.अन्तर्गत विद्यालय खोल्ने तथा कक्षा थप गर्ने सम्बन्धमा अन्यौल भई विभिन्न तहबाट सूचना माग भईराखेकोमा हाल न.पा.को शिक्षा कार्यविधि पारित हुने प्रकृयामा रहेकोले आवश्यक व्यवस्था नहुन्जेल सम्म निम्नानुसार गर्ने सूचित गरिन्छ ।

१.विद्यालय खोल्नका लागि शिक्षा ऐन २०२८को दफा-२ बमोजिम, शिक्षा निमयावली,२०५९,(आठौं संसोधन) अनुसार नियम -४ को पूर्वाधार (अनुसूचि- ३ बमोजिमको पूर्वाधार)पूरा गरेको भए नियम- ३, अनुसारका कागजात(वडाको सिफारिस,तदर्थ समिति गठन भएको भए सो को निर्णय,अनुसूचि- १ बमोजिमको निवेदन,नजिकको दुई ओटा विद्यालयको सहमति ) न.पा.मा पेश गर्ने ।

२.कक्षा थपका लागि शिक्षा नियमावली,२०५९,(आठौं संसोधन) अनुसार, नियम- १३ अनुसार, नियम- ४ को, पूर्वाधार सम्बन्धी विवरण ( वि.व्य.स.को निर्णय,विद्यालय प्रोफाइल,वडाको सिफारिस,नजिकको दुई ओटा विद्यालयको सहमति सहितका कागजात) न.पा.मा पेश गर्ने ।

३.पूर्व प्राथमिक / बाल विकास केन्द्र समेत (सामुदायिक/ संस्थागत )विद्यालयका लागि शिक्षा नियमावली,२०५९,८ औं संसोधन,नियम- ३ को उपनियम- २ बमोजिम वडा वा न.पा.मा तपसिल बमोजिम कागजातहरु पेश गर्ने :

तपसिल:

क) वडाको सिफारिस (न.पा.मा पेश गर्ने भए) ।
ख) समुदायमा संचालन हुने भए तदर्थ ( वि.व्य.स)समितिको निर्णय ।
ग) विद्यायल प्रोफाईल ।
घ) नजिकको पूर्व प्रा.वि.(दुई ओटाको) सहमति ।
ङ) अनुसूचि २ बमोजिमको निवेदन ।

४.थप केहि बुझ्नुपर्ने भएमा शिक्षा,युवा तथा खेलकुद शाखामा सम्पर्क राख्नुहोला ।

उप-सचिव

बोधार्थ :
सूचना प्रविधि शाखा,गौरादह न.पा., Website मा Upload गरिदिनहुन ।